नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना**
**आयोजना क्लष्टर इकाई, सप्तरी**

**सूचना नं. ०४**
**सूचना प्रकाशित मिति: २०७९।०४।१०**

# महिला तथा पिछडिएका समूहहरुलाई फार्म मेशिनरी तथा औजार उपकरणमा सहयोग सम्बन्धि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लष्टर इकाई, सप्तरी को आ.व. २०७९/०८० को स्वीकृत वाार्षिक कार्यक्रम अनुसार सम्भाग १ अन्तर्गत जलवायु र पोषण मैत्री कृषि प्रविधि अवलम्वन तथा प्रसार बिषय सँग सम्वन्धित पिछडिएका समूहका महिलाहरुको कार्यभार कम गरी जलवायु र पोषण मैत्री कृषि प्रविधिको प्रयोग र प्रचार प्रसारको माध्यमबाट आयआर्जन तथा पोषणमा बृद्धि गर्ने उद्येश्यले **"महिला तथा पिछडिएका समूहहरुलाई फार्म मेशिनरी तथा औजार उपकरणमा सहयोग"** कार्यक्रम, आयोजना क्षेत्रका कार्यक्षेत्र भित्रका गाउँपालिकाहरुमा कार्यक्रम संचालन गर्नुपर्ने भएकोले सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सुचना प्रकाशित भएको मितिले १५ ( पन्ध्र) दिनभित्र अर्थात मिति २०७९।०४।२४ गते भित्र आवश्यक कागजातहरु सहित रित पूर्वकको आवेदन पेश गर्न सूचना आव्हान गरिएको छ।

## फार्म मेशिनरी तथा औजार उपकरणमा सहयोग कार्यक्रम सञ्चालन हुने क्षेत्र :

आयोजना क्लष्टर इकाई, सप्तरी अन्तर्गतका सप्तरी जिल्लाको राजगढ गाउँपालिका, विष्णुपुर गाउँपालिका र सिरहा जिल्लाको औरही गाउँपालिका, बरियारपट्टी गाउँपालिकाका यस आयोजना अन्तर्गतका लाभग्राहीहरुको कृषि तथा पशुपंक्षी सेवाका समूहहरु

## आवेदन संग पेश गर्नु पर्ने कागजातहरु:

**१. गाउँपालिकामा कृषक समूहको दर्ता वा नवीकरण गरेको प्रमाण-पत्रको फोटोकपी।**
**२. समूहको निर्णय।**
**३. माँग गरेको मेशिनरी औजार उपकरणको बिवरण।**
**४. समूहको निवेदन।**

नोट :- -रित पूर्वकको प्राप्त आवेदनहरुको हकमा मात्र कारवाहीको लागि प्रक्रिया अघि बढाइने छ।
-आवेदक समूहको लगानी योगदान मेशिनरी औजार लागतको कम्तीमा १५ प्रतिशत हुनु पर्नेछ।

..................................